# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६ ) काठमाडौं, असार २६ गते २०४३ साल ( पूर्वातिरिक्ताङ्क १७ (ग)

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

सामयिक कर असूल ऐन (संशोधन सहित), २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

१. भन्सार महसुल : (१) नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने र विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुहरूमा आजैका मितिदेखि अनुसूची १,२,३ र ४ बमोजिम भन्सार महसुल लगाइने र असूल उपर गरिनेछ ।

तर डी. आर. पी. अन्तर्गत आयात गरिने मालसामानको भारतीय अन्तःशुल्क वृद्धि भएमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सो वृद्धि भएको रकम जतिसम्म अनुसूची १ मा उल्लेख भएको तेस्रो मुलुकको पैठारी भन्सार महसुल दर बढाउन सक्नेछ ।

(२) दक्षिण एशियाली देशहरू श्रीलङ्का, भुटान, माल्दिप्स, बङ्गलादेश र पाकिस्तानमा बनेका वस्तुहरू ती मुलुकहरूबाट पैठारी हुँदा लाग्ने महसुलमा भारतबाट पैठारी हुने भन्दा घटी नहुने गरी साठी प्रतिशतसम्म छुट दिइनेछ ।

(३) जनगणतन्त्र चीनमा बनेका वस्तुहरू जनगणतन्त्र चीनबाट नेपाल अधिराज्यको उत्तरी सीमाक्षेत्रबाहेक अन्य बाटो गरी पैठारी हुँदा अनुसूची १ महल ४ बमोजिम लाग्ने महसुलमा भारतबाट पैठारी हुँदा लाग्ने महसुलभन्दा घटी नहुने गरी २० प्रतिशतसम्म छुट दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर जनगणतन्त्र चीनको स्वशासित तिब्बतक्षेत्रबाहेक अन्य क्षेत्रमा उत्पादित माल वा वस्तु नेपाल अधिराज्यको उत्तरी सीमाक्षेत्रको बाटो गरी पैठारी भएमा अनुसूची १ को महल ४ को महसुल दर लाग्नेछ र यसरी भन्सार महसुल लगाउँदा अनुसूची १ को महल ५ को दरभन्दा घटी नहुने गरी ६० प्रतिशतसम्म छुट दिइने छ ।

(४) निम्नलिखित उद्योगहरूले आयात गरिने औद्योगिक कोरा माल र सहायक कोरा मालमा सम्बन्धित उद्योग विभाग वा घरेलु उद्योग विभागबाट सुविधाको सिफारिश भई आएमा भन्सार महसुल दरबन्दीमा १० प्रतिशतभन्दा बढी उल्लेख भएकोमा १० प्रतिशत मात्र महसुल असूल उपर गरिनेछ, तर प्रचलित भन्सार महसुल दर १० प्रतिशतभन्दा कम रहेछ भने सोही कम दर कायम गरिनेछ ।

(१) शृङ्गार प्रशोधन (कस्मेटिक्स), (२) चुरोट, सिगार, बिडी र सूर्तिबाट बनेका अन्य सामानहरू, (३) सबै प्रकारका मादक पदार्थसहित पेय पदार्थ (घरेलु स्तरका बाहेक), (४) क्राउन कर्क, (५) प्लाष्टिक, पोलिथिन, पी. भी. सी. कम्पाउण्डमा आधारित उद्योग, (६) फोम र स्पन्ज, (७) कोरूगेशन मात्र गर्ने उद्योग, (८) चलचित्र, (९) टिन कन्टेनर, (१०) रबर र रबरमा आधारित उद्योग, (११) तामा, पित्तलमा आधारित उद्योग, (१२) इनामेल कोटेड वायर, (१३) जी. आई. पाइप, (१४) जी. आई वायर, (१५) विद्युत् तार, (१६) सिन्थेटिक लेदर, (१७) सिल्क यार्न, (१८) टुथब्रस, (१९) ए. सी. सी. आर कण्डक्टर र (२०) कार्बोन पेपर उद्योग ।

२. अन्तःशुल्क : (१) नेपाल अधिराज्यभित्रका मिल फ्याक्टरी वा कारखानामा उत्पादन वा तयार भएका मालवस्तु वा पदार्थमा मिति २०४३।३।२६ देखि अनुसूची ५ बमोजिम अन्तःशुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) रूग्ण उद्योगसम्बन्धी उद्योग मन्त्रालयबाट किटान गरिएको परिभाषाभित्र पर्ने उद्योगलाई ७५ प्रतिशत अन्तःशुल्क छुट दिइनेछ ।

(३) बी. एच. पी. ३० अश्व शक्तिसम्मका समदरका क्रुड आयलद्वारा सञ्चालित चामल तथा तेल मिलहरूबाट हाल तिर्दै आएका दरमा ३० प्रतिशतका दरले अन्तःशुल्क छुट दिइनेछ ।

(४) समदरको आधारमा वार्षिक अन्तःशुल्क बुझाउने मिल तथा कारखानाहरूले तोकिएको म्यादभित्रै आफूले बुझाउनु पर्ने पूरै अन्तःशुल्क रकम बुझाएमा त्यस्तो रकमको ३ प्रतिशत छुट दिइनेछ ।



९८४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) दुर्गम क्षेत्रमा स्थापना भएका अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने उद्योगहरूलाई ती उद्योगले यस दरबन्दी अनुसार तिर्नु पर्ने अन्तःशुल्कमा १० प्रतिशत छुट दिइनेछ । दुर्गम क्षेत्र भन्नाले यस प्रयोजनको लागि श्री ५ को सरकारले तोके बमोजिमको क्षेत्र मानिनेछ ।

(६) उद्योगहरूले आफ्नो उत्पादनको खुद्रा मूल्य किटान गरी सार्वजनिक जानकारीको लागि प्रकाशित गर्ने तथा उत्पादित वस्तुमा नै सो मूल्य अङ्कित गर्नु पर्नेछ ।

(७) दफा ०१–४ र ०६–१ मा उल्लेख गरिएका समदरमा वार्षिक अन्तःशुल्क लाग्ने चामल तथा खानेतेल मिलको हिसाब किताब राख्नु पर्ने छैन।

(८) दरबन्दीमा "माफी" जनिएका उद्योगहरूले अन्तःशुल्क कार्यालयबाट उत्पादन इजाजत लिनु पर्नेछ। तर,

(क) माफी जनिएका उद्योगलाई उत्पादन इजाजत र नवीकरण दस्तुर लाग्ने छैन।

(ख) यस्ता "माफी" जनिएका उद्योगहरूले सम्बन्धित उद्योग वा घरेलु उद्योग विभागमा पठाउने गरेको मास्केवारी वा हिसाब किताबको एकप्रति सम्बन्धित अन्तःशुल्क कार्यालयलाई पनि दिनु पर्नेछ ।

(९) उद्योग वा घरेलु उद्योगमा दर्ता नभएको फ्लेट–हेण्ड मेशिन (विद्युत् शक्ति प्रयोग नगरिएको) बाट होजियारीको सामान उत्पादन गरेकोमा अन्तःशुल्कको इजाजतपत्र लिनु पर्ने छैन ।

(१०) औद्योगिक व्यवसाय ऐन, २०३८ ले व्यवस्था गरेको अन्तःशुल्क सुविधा पाउने अवधिको पूरा उपभोग गरी सकेका उद्योगहरूलाई पनि अन्तःशुल्क लगाइने छ ।

३. बिक्रीकर: (१) मिति २०४३।३।२६ देखि अनुसूची ६ बमोजिम बिक्रीकर लगाइने र असूल गरिनेछ ।

(२) देहायका घरेलु उद्योगहरूलाई बिक्रेतामा दर्ता गरी उत्पादनमा बिक्रीकर असूल गरिनेछ ।

(क) सबै प्रकारका मदिराहरू (अविकसित क्षेत्रमा स्थापना हुने फलफूलबाट निर्मित मदिरा बाहेक) बियर, छ्याङ्ग र कार्बोनाइज्ड हल्का पेयहरू (सोडा वाटर, जिन्जर आयल, टनिक वाटर तथा मिनरल वाटर बाहेक) ।

(ख) चुरोट, सिगार, बिडी, सूर्तिबाट बनेका अन्य सामानहरू ।



९८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) चिरानी काठ (स:मिलमा चिरानी भएका)।

(घ) बहुमूल्य ढुङ्गा जवाहिरात, कटिङ, पोलिसिंग ।

(ङ) कत्था र टेनिन ।

(३) देहायका घरेलु उद्योगहरूको लागि आवश्यक पर्ने कोरा माल, सहायक कोरा माल तथा रसायनिक पदार्थहरूको पैठारीमा बिक्रीकर लाग्नेछ ।

(क) स्टेनलेस स्टिलका भाँडा वर्तन र अन्य सामान उत्पादन गर्ने ।

(ख) जीप फास्नर जडान (एसेम्बलिंग) मात्र गर्ने ।

(ग) श्रृङ्गार प्रशोधन (कष्मेटिक्स) उत्पादन गर्ने ।

(घ) जडान वा अन्य प्रकृयाबाट उत्पादित क्यासेट, टेप, टेप रिकर्डर, क्यासेट प्लेयर, घडी, क्यालकुलेटर, ग्रामोफोन, रेडियो, ट्रान्जिष्टर, टु इन वन, थ्री इन वन, टेलिभिजन स्किन, भिडियो डेक र विद्युत्बाट चल्ने हिटर, टोष्टर, मिक्स्चर, कुकर, ग्राइण्डर, जूसर, हेयर ड्रायर तथा उपर्युक्त प्रकारका अन्य सामानहरू उत्पादन गर्ने ।

(ङ) सिन्थेटिक यार्न (एक्रीलिक यार्न समेत) र सोमा आधारित वस्तु उत्पादन गर्ने ।

(च) प्लाष्टिक, पोलिथिन, पी. भी. सी. कम्पाउण्ड जस्ता पदार्थमा आधारित सामान उत्पादन गर्ने ।

(छ) कृत्रिम रेशामा आधारित होजियारी उत्पादन गर्ने ।

(ज) कोरोगेशन मात्र गर्ने कर्कट पाता ।

(झ) काउन कर्क ।

(ञ) फोम र स्पन्ज ।

(ट) टिन कण्टेनर ।

(ठ) तामा पित्तल वा आधारित उद्योग ।

(ड) सबै किसिमको साबुन, पाउडर (झोल समेत) ।

(ढ) कार्बोन पेपर ।

(ण) इनामेल कोटेड वायर ।

(त) जी. आई. पाइप ।

(थ) जी. आई वायर ।

(द) विद्युत् तार ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ध) सिन्थेटिक लेदर ।
(न) फलाम र स्टिलमा आधारित उद्योग ।
(प) ड्राइसेल ब्याट्री उत्पादन गर्ने ।
(फ) सिल्क यार्न उत्पादन ।
(ब) टुथपेष्ट, टुथपाउडर उत्पादन गर्ने ।
(भ) टुथब्रुस बनाउने उद्योग ।
(म) ए. सी. सी. आर. कण्डक्टर बनाउने उद्योग ।

(४) देहायका घरेलु लगायत सबै प्रकारका उद्योगहरूलाई आवश्यक पर्ने कोरा माल, सहायक कोरा माल तथा रसायनिक पदार्थको पैठारीमा बिक्रीकर लाग्ने छ ।

(क) फोटोग्राफी ।
(ख) रेडिमेड गार्मेण्ट ।
(ग) प्याकिङ्ग मात्र गर्ने ।
(घ) चलचित्र उत्पादन गर्ने व्यवसाय ।
(ङ) मुख्य पदार्थ रबर र रबरमा आधारित उद्योग ।

(५) प्रचलित नेपाल कानून बमोजिम पैठारीमा बिक्रीकर लाग्ने गरी तोकिएका उद्योगहरूलाई सोही बमोजिम पैठारीमा बिक्रीकर लगाई असूल उपर गरिनेछ ।

(६) उपदफा (३) र (४) मा उल्लेखित उद्योगहरूले बिक्रेतामा दर्ता भएका उद्योगहरूबाट आवश्यक पर्ने कोरा माल, सहायक कोरा माल तथा रसायनिक पदार्थ खरिद गरेमा खरिद गर्दाको अवस्थामा नै बिक्रीकर लाग्नेछ ।

(७) माथि उप-दफा (२),(३) र (४) मा उल्लेखित बाहेक बिक्रीकर छुट पाउने अन्य सबै घरेलुस्तरका उद्योगले आफ्नो उत्पादनको लागि पैठारी गर्ने वा अधिराज्यको कुनै उद्योगबाट खरिद गर्ने वा यस्ता उद्योगको लागि कच्चा पदार्थ उपलब्ध गराउन स्वीकृति प्राप्त पब्लिक लिमिटेड कम्पनी वा सार्वजनिक व्यापारिक संस्थाबाट खरिद गर्ने कोरा माल, सहायक कोरा माल तथा रसायनिक पदार्थहरूमा र ती घरेलु उद्योगको उत्पादनमा समेत बिक्रीकर पूर्णरूपमा माफी हुनेछ ।

तर उपर्युक्त बमोजिम माफी पाएका घरेलु उद्योगहरूले उप-दफा (२),(३) र (४) मा उल्लेखित उद्योगहरूले प्रयोग गर्ने किसिमका कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा रसायनिक पदार्थको पैठारी गरेकोमा वा बिक्रेतामा दर्ता भएका उद्योग-हरूबाट खरिद गरेमा बिक्रीकर लाग्नेछ ।



९८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(८) उप-दफा (३),(४),(५),(६) र (७) मा उल्लेख गरेदेखि बाहेक अन्य उद्योगहरूलाई बिक्रेताको रूपमा दर्ता गरी त्यस्ता उद्योगको उत्पादनको बिक्री अवस्थामा बिक्रीकर लगाई असूल उपर गरिनेछ ।

(९) उप-दफा (२) र (८) बमोजिम बिक्रेताको रूपमा दर्ता भएका उद्योगहरूले पैठारी गर्ने, कोरा माल, सहायक कोरा माल तथा रसायनिक पदार्थहरूको भन्सारले कायम गरेको मूल्यमा लागेको भन्सार महसुल जोडी हुन आउने रकममा र बिक्रेतामा दर्ता भएका अन्य उद्योगहरूबाट त्यस्ता औद्योगिक कच्चा पदार्थहरू स्थानीय रूपमा खरिद गरेमा उद्योगले कायम गरेको लागत मूल्य (एक्स फैक्ट्री प्राइस) मा अन्तःशुल्क जोडी हुन आउने रकममा दरबन्दी अनुसारको अग्रिम बिक्रीकर असूल उपर गरिनेछ । यस्तो अग्रिम बिक्रीकरको रकम पछि उद्योगले मासिक रूपमा दाखिला गर्नुपर्ने बिक्रीकर रकमबाट कट्टा गरी हिसाब मिलाइनेछ ।

(१०) उप-दफा (९) बमोजिम अग्रिम बिक्रीकर बुझाउनु पर्ने उद्योगहरूलाई अग्रिम बिक्रीकर दाखिलाको पासबुक उपलब्ध गराइनेछ र पैठारीतर्फ भन्सार कार्यालयले र स्थानीय खरिदतर्फ सम्बन्धित बिक्रेताले उक्त पासबुकमा औद्योगिक कच्चा पदार्थको साथ अग्रिम बिक्रीकर रकम समेत चढाई सोको सूचना सम्बन्धित कर कार्यालयलाई दिनु पर्नेछ ।

(११) पैठारीको अवस्थामा अग्रिम बिक्रीकर भन्सार कार्यालयको धरौटी खातामा र स्थानीय खरिदतर्फको अग्रिम धरौटी रकम सम्बन्धित कर कार्यालयको धरौटी खातामा दाखिला गर्नुपर्नेछ ।

(१२) बिक्रेतामा दर्ता भएका र पैठारीको अवस्थामा बिक्रीकर नलाग्ने उद्योग बाहेक अन्य सबैले विदेशबाट पैठारी गर्ने मालसामानमा पैठारीकै अवस्थामा भन्सार कार्यालयमा बिक्रीकर असूल उपर गरिनेछ। बिक्रीकर प्रयोजनको लागि दरबन्दी अनुसार लाग्ने पूरै महसुल जोडी मूल्य कायम गरिनेछ।

(१३) झिटी गुण्टा भारी आदेश अन्तर्गत विदेश गई फर्किने यात्रुले सो आदेशमा तोकिएको बिक्रीकर सहुलियतभन्दा बढी बिक्रीकर लाग्ने सामान ल्याएमा त्यस्तो बढी सबै किसिमको सामानमा भन्सारले कायम गरेको मूल्यमा भन्सार महसुल जोडी हुन आउने मूल्यमा प्रचलित बिक्रीकर दरबन्दीको अधिकतम दर अनुसार निर्धारण गरी असूल गरिनेछ।

(१४) परिवर्त्य विदेशी मुद्रा भुक्तानी पाउने गरी आफूले उत्पादन गरेको वस्तु बिक्री गर्ने उद्योगलाई त्यस्तो वस्तुको बिक्रीमा पूरै बिक्रीकर छुट दिइनेछ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१५) नेपालको संस्कृति र प्रतिष्ठाको प्रचार तथा पर्यटन विकासको लागि स्वदेश वा विदेशमा छापिने नेपालसम्बन्धी स्वीकृत नक्सा, पोष्टर, पोष्ट कार्ड, क्यालेण्डर आदिमा बिक्रीकर लाग्ने छैन ।

(१६) घरेलु उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थ कुनै संगठित संस्थाले पैठारी गरी घरेलु उद्योगहरूलाई मात्र बिक्री वितरण गर्ने भएमा त्यस्ता संस्थाले पैठारी गरेको कच्चा पदार्थमा पनि घरेलु उद्योगलाई लाग्ने सरहको प्रक्रया र दरबाट बिक्रीकर लाग्नेछ । यसरी बिक्री वितरण गरेको मासिक फाँटवारी सो संस्थाले कर विभागमा पेश गर्नुपर्नेछ ।

(१७) विदेशी कूटनैतिक नियोग र त्यहाँ काम गर्ने कूटनैतिक कर्मचारी तथा महसुल सुविधा पाएका व्यक्ति वा संस्थाको नाममा दर्ता भई नेपाल अधिराज्यभित्र ५ वर्ष प्रवेश भई सकेको सवारी साधन बिक्री गरेमा बिक्रीकर लाग्ने छैन ।

(१८) श्री ५ को सरकारको स्वीकृति प्राप्त गरी पर्वतारोहण गर्न आउने व्यक्ति वा टोलीले पैठारी गरेको मालसामानमध्ये नेपाल अधिराज्यमा उपभोग हुने जति मालसामानमा सो मालसामानको मूल्यमा लाग्ने भन्सार महसुल जोडी हुने मूल्यमा १ प्रतिशत मात्र बिक्रीकर लगाई असूल उपर गरिनेछ ।

(१९) कुनै उद्योगले आफ्नो उत्पादन पब्लिक लिमिटेड कम्पनी वा सार्वजनिक व्यापारिक संस्थानमार्फत बिक्री गरेमा लाग्ने बिक्रीकर रकमको एक प्रतिशत छुट दिइनेछ ।

(२०) स्वदेशमा उत्पादित सूती कपडा (तयारी पोशाक बाहेक) को बिक्रीमा बिक्रीकर पूर्ण रूपमा माफी गरिएको छ ।

(२१) स्वदेशका उद्योगहरूले कृत्रिम रेशा वा कृत्रिम रेशा मिश्रण गरी उत्पादन गर्ने कपडाको बिक्रीमा दरबन्दी अनुसार लाग्ने बिक्रीकरमा ५० (पचास) प्रतिशत छुट दिइनेछ ।

(२२) आर्थिक वर्ष २०४३।४४ देखि टेलिफोन र तत्सम्बन्धी सेवामा ५ (पाँच) प्रतिशत बिक्रीकर लगाई असूल उपर गरिनेछ ।

(२३) आर्थिक वर्ष २०४३।४४ देखि आन्तरिक औद्योगिक उत्पादनको मूल्य कायम गर्दा बिक्री वितरण खर्च बापत थप गरिने प्रतिशत खारेज गरिएको छ ।

(२४) अन्तःशुल्क सुविधा पाएका उद्योगहरूले आफ्नो उत्पादित वस्तुको बिक्रीकर प्रयोजनको लागि मूल्य कायम गर्दा दरबन्दी अनुसार लाग्ने पूरै अन्तःशुल्क रकम जोडी गर्नुपर्नेछ ।

(२५) भन्सार महसुल सहुलियतमा पैठारी हुने मालसामानमा दरबन्दी अनुसार लाग्ने भन्सार महसुल पूरै जोडी बिक्रीकर असूल गरिनेछ ।



९४६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२६) अनुसूचीमा नपरेका माल वस्तु आयात गर्दा भन्सारले कायम गरेको मूल्यमा लाग्ने भन्सार महसुल र सरचार्ज जोडी बिक्री मूल्य कायम गरिनेछ ।

४. हवाई उडान कर : आर्थिक वर्ष २०४३।४४ मा अनुसूची ७ बमोजिम हवाई उडान कर लगाइने र असूल उपर गरिनेछ । तर परिवर्त्य विदेशी मुद्रा तिरी खरिद गरिएको हवाई टिकटबाट गरिने आन्तरिक हवाई उडानमा विदेशी पर्यटकलाई हवाई उडान कर लाग्ने छैन ।

५. आयकर : (१) आर्थिक वर्ष २०४३।४४ मा अनुसूची ८ बमोजिम आयकर लगाइने र असूल उपर गरिनेछ ।

(२) कुनै व्यक्ति वा परिवारमा पति र पत्नी दुवै जना पारिश्रमिक आय आर्जन गर्ने रहेछन् र उनीहरूको मुख्य आयश्रोत पारिश्रमिक आय रहेछ भने त्यस्तो पति वा पत्नीको आयमा व्यक्तिको आय सरह गरी छुट्टा छुट्टै आयकर निर्धारण गरिनेछ ।

(३) न्यूनतम ग्यारेण्टी रकम कबूल गरी निम्न कोटीको मदिरा उत्पादन गर्ने डिष्टिलरीको लेखाको आधारमा आयकर निर्धारण भएमा बाहेक डिष्टिलरीले कबूल गरेको न्यूनतम ग्यारेण्टी वा अन्तःशुल्कको रकम जुन बढी हुन्छ, त्यसको २५ (पच्चीस) प्रतिशत खुद आय कायम गरी कर निर्धारण गरिनेछ ।

(४) विदेशस्थित फिल्म वितरकहरूलाई निजले नेपालस्थित डिष्ट्रिब्युटर र सिनेमा हलहरूबाट खुद पाउने रकममा मात्र २५ (पच्चीस) प्रतिशतका दरले कर लगाइनेछ ।

(५) नेपाल अधिराज्यका बैंकहरूमा खाता खोल्ने गरी पूंजी लगानीको रूपमा कसैले विदेशबाट परिवर्त्य विदेशी मुद्रा ल्याएमा त्यस्तो विदेशी मुद्रामा आयकर लाग्ने छैन ।

(६) सोल्टी क्यासिनोबाट वार्षिक रू. ३०,००,०००।– (तीस लाख रूपैयाँ) रोयल्टी लिइनेछ । साथै प्रचलित कानून बमोजिम तिर्नु पर्ने आयकर लगाएत अरू करहरूसमेत क्यासिनोले तिर्नु पर्नेछ ।

(७) २०४३ श्रावण १ गतेपछि उद्योग तथा व्यापार व्यवसायको आय विवरण दाखिल गर्ने करदाताबाट देहाय बमोजिम अग्रिम आयकर असूल उपर गर्न सकिनेछः–

(क) विगत वर्षको निर्धारित कर बराबरको रकम आर्थिक वर्ष २०४३।४४ मा अग्रिम रूपमा विवरण पेश नहुँदै दाखिल गरे गराएमा सो दाखिल गरे गराएको कर रकम,





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) करदाताले चालू आर्थिक वर्षको बुझाउनु पर्ने रकम अग्रिम तीन किस्तामा विवरण पेश गर्न अगावै दाखिला गरेमा,

(ग) खण्ड (ख) बमोजिम अग्रिम दाखिला भएको कर अन्तिम कर निर्धारण हुँदा बढी भएमा बढी भए जति रकमको वार्षिक ८.५ प्रतिशतका दरले व्याज सहित सो बढी रकम फिर्ता गरिनेछ ।

(८) गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतसंग हुने आयात निर्यात व्यापारमा आयात तर्फको आय निर्धारण व्यवस्था यथावत कायम राखी निर्यातत र्फ एक प्रतिशत मात्र खुद आय निर्धारण गरिनेछ ।

(९) अन्तर्राष्ट्रिय बोलपत्रद्वारा प्रतिस्पर्धा गरी एक आर्थिक वर्षभन्दा बढी अवधिसम्म कायम रहने ठेक्काको खुद आय पूरै ठेक्काको हिसाबले कायम गरी कर निर्धारण गर्न सकिनेछ ।

(१०) अन्तर्राष्ट्रिय बोलपत्रद्वारा लिएको ठेक्का कार्यमा प्रयोग गरिने सम्पत्तिहरूको ह्रास कट्टाको प्रयोजनको लागि सम्बन्धित कन्सल्टेण्ट र परियोजना प्रमुख वा विभागीय प्रमुखले सिफारिश गरे अनुसार सम्पत्तिहरूको वर्गीकरण गरी त्यस्ता सम्पत्तिहरूमा प्रचलित कानून बमोजिम ह्रास कट्टी सहुलियत दिइनेछ ।

(११) कुनै पनि उद्योगले जडित क्षमतामा वृद्धि हुने गरी विस्तार गरेमा थप नयाँ लागतको ५० प्रतिशतले हुने रकम सो उद्योगको खुद आयबाट कट्टा गरी कर निर्धारण गरिनेछ ।

(१२) वार्षिक रू. १,००,०००।– (एक लाख रूपैयाँ) सम्म मूल्यको वस्तु उत्पादन गरी बिक्री गर्ने साना घरेलु तथा ग्रामीण उद्योगहरूलाई उक्त उत्पादन बिक्री गरेको आयमा आयकर पूर्ण रूपमा नलाग्ने गरी छुट दिइएको छ ।

(१३) आ. व. २०४३।४४ देखि सेक्युरिटी खरिद बिक्री केन्द्रमा शेयर सूचीकरण भएका कम्पनी तथा सरकारी संस्थानहरूबाट तिनीहरूको खुद आयमा समदरले ४० (चालीस) प्रतिशत कर्पोरेट आयकर लगाई असूल उपर गरिनेछ । साथै कर्पोरेट आयकर लाग्ने कम्पनी तथा संस्थाहरूले लाभांश वितरण गर्दाको अवस्थामा लाभांश आयकर बापत २० प्रतिशतले अग्रिम कट्टा गरी कर कार्यालयको धरौटी खातामा दाखिल गर्नु पर्नेछ । यसरी अग्रिम कट्टा गरेको रकमलाई लाभांश समेत करदाताको अन्य स्रोतको आयमा जोडी हुने आयमा अनुसूची ८ बमोजिम लाग्ने आयकरबाट कट्टा गरिनेछ । कर्पोरेट आयकर तिर्नुपर्ने कम्पनी तथा संस्थानहरूले आफ्नो आय वर्ष सकिएको एक वर्षभित्रै लाभांशको विवरण सम्बन्धित कर कार्यालयमा दिनुपर्नेछ ।



१२९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१४) पारिश्रमिक आयकर दाताहरूलाई आयकर ऐन, २०३१ को दफा १३ बमोजिमका खर्चहरूको बदला तिनीहरूको पारिश्रमिक आयबाट संचयकोष बापत कट्टा हुने रकम कटाई बाँकी रहने रकमबाट १५ (पन्द्रह) प्रतिशत वा वार्षिक रू. ३,०००।– (तीन हजार) मध्ये जुन घटी हुन्छ सो रकम कट्टा गरी खुद आय कायम गरिनेछ ।

(१५) आर्थिक वर्ष २०४३।४४ देखि घर जग्गा बहालमा लिनेहरूले आफूले लिएको घर जग्गाको बहाल घर जग्गा धनीलाई भुक्तानी गर्दा आयकर बापत देहायका दरले अग्रिम कट्टा गरी सोको फाँटवारी सहित कर कार्यालयको धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।

| घर जग्गा धनीले वार्षिक पाउने बहाल | बहाल लिनेले अग्रिम कट्टा गर्नुपर्ने प्रतिशत |
|---|---|
| रू. १५,००० सम्म | कट्टा गर्नु नपर्ने |
| रू. १५,००० देखि माथि रू. ५०,००० सम्म | १० |
| रू. ५०,००० देखि माथि रू. १,००,००० सम्म | १५ |
| रू. १,००,००० देखि माथि | २५ |

यसरी अग्रिम कट्टा गरेको कर रकम बहाल आय प्राप्त गर्नेले पछि बहाल आय समेतको अन्य आयमा आयकर निर्धारण हुँदा लाग्ने आयकरबाट कट्टा गर्न पाउनेछ ।

६. शहरी क्षेत्रको घर जग्गा कर: (१) आर्थिक वर्ष २०४३।४४ मा आर्थिक ऐन, २०४२ को दर बमोजिम शहरी क्षेत्रको घर जग्गामा कर लगाइने र असूल उपर गरिनेछ ।

(२) नेपाल अधिराज्यको शहरी क्षेत्रमा आफ्नो र आफ्नो परिवारको नाउँमा रहेको घरजग्गालाई कर प्रयोजनको लागि मूल्याङ्कन गर्दा ३००० वर्ग फिटसम्मको घर र सो घरले ओगटेको जग्गाको अतिरिक्त आधा रोपनी वा सो बराबरको जग्गालाई कर लाग्ने मूल्यमा समावेश गरिने छैन ।

(३) घर जग्गाको मूल्याङ्कन गर्दा कुनै घर जग्गा धनीको एकभन्दा बढी घरजग्गा भएमा उपदफा (२) मा लेखिएको छुट कट्टा गरिनेछ र सो घर जग्गामा दिइने छुट नपुग भएमा सो नपुग भएजति वर्गफिट र जग्गा मात्र निजको अर्को घर जग्गाबाट कट्टा गरी कायम हुन आउने मूल्यमा पाउने छुट कटाई घरजग्गा कर निर्धारण गरिनेछ ।

७. ठेक्का कर: आर्थिक वर्ष २०४३।४४ मा "आर्थिक ऐन, २०४२" बमोजिम ठेक्का कर लगाइने र असूल उपर गरिनेछ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. होटल कर: आर्थिक वर्ष २०४३।४४ मा "आर्थिक ऐन, २०४२" बमोजिम होटल कर लगाइने र असूल उपर गरिनेछ ।

९. सवारी साधन कर: (१) आर्थिक वर्ष २०४३।४४ मा अनुसूची ६ बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) सवारी साधन कर लागेका सवारी साधनहरूको आयमा आयकर लाग्नेछैन ।

१०. मनोरञ्जन कर: (१) आर्थिक वर्ष २०४३।४४ मा अनुसूची–१० बमोजिम मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) नेपाल अधिराज्यमा निर्मित नेपाली भाषाका चलचित्रहरूबाट उठेको मनोरञ्जन करको रकममध्ये ५० प्रतिशत रकम कर कार्यालयको धरौटी खातामा राखी नेपाल चलचित्र निर्माताहरूले पाउने ५० (पचास) प्रतिशत अनुदान सोही कर कार्यालयको धरौटी खाताबाट उपलब्ध गराइनेछ ।

तर विदेशमा निर्माण गरी नेपाली भाषामा डबिंग मात्र गर्ने चलचित्र निर्मातालाई यस्तो अनुदान रकम दिइने छैन ।

११. व्याज कर: (१) आर्थिक वर्ष २०४३।४४ मा निक्षेपकर्ताले बैंकहरूमा राखेको मुद्दति निक्षेपबाट निक्षेप ग्रहण गर्ने बैंकहरूले देहायबमोजिम अग्रिम व्याजकर कट्टा गरी सम्बन्धित कर कार्यालयको धरौटी खातामा दाखिला गर्नुपर्नेछ ।

| वार्षिक पाउने व्याज रकम | अग्रिम कट्टा गर्ने दर |
|---|---|
| रू. ५,००० सम्म | कट्टा नगर्ने |
| रू. ५,००० देखि माथि रू. १५,००० सम्म | ५ प्रतिशत |
| रू. १५,००० देखि माथि रू. ३०,००० सम्म | १० प्रतिशत |
| रू. ३०,००० देखि माथि रू. ५०,००० सम्म | १५ प्रतिशत |
| रू. ५०,००० देखि माथि | २० प्रतिशत |

यसरी अग्रिम कट्टा गरेको व्याज कर रकम निक्षेप व्याज आय प्राप्त गर्नेले पछि निक्षेप व्याज आय समेतको अन्य आय निर्धारण गर्दा लाग्ने आयकरबाट कट्टा गर्न पाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको निक्षेप र कोषमा व्याजकर लाग्ने छैन:–

(क) बचत निक्षेप,
(ख) कर्मचारी संचय कोषको निक्षेप,
(ग) बैंकमा कर्मचारीको नाममा रहेको संचय कोष,



९७२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) पञ्चायत तथा वर्गीय संगठनको निक्षेप र

(ङ) सार्वजनिक हितका लागि गठन भएको र धार्मिक कृत्यसम्बन्धी भनी श्री ५ को सरकारले तोकेको संस्थाको निक्षेप ।

(३) कुनै व्यक्तिको मुद्दति निक्षेपबाट प्राप्त व्याजको साथै अन्य स्रोतको आय पनि भएमा त्यस्तो मुद्दति निक्षेपबाट प्राप्त व्याजलाई अन्य आयमा समावेश गरी हुन आउने आयबाट व्यक्तिको हकमा रू. १५,०००।– (पन्ध्र हजार) र दम्पति वा परिवारको हकमा रू. २०,०००।– (बीस हजार ) सम्मको आयमा कर लाग्ने छैन र यस्तो करदाताको कर नलाग्ने कुराको सूचना सम्बन्धित कर कार्यालयबाट प्राप्त भएमा सम्बन्धित बैंकबाटै त्यस्तो कर कट्टा गरिएको रकम फिर्ता गरिनेछ । सो हदभन्दा बढीको रकममा अनुसूची ८ बमोजिम आयकर लगाइने र असूल उपर गरिनेछ ।

१२. सडक, पुल सम्भार कर: आर्थिक वर्ष २०४३।४४ मा "आर्थिक ऐन, २०४२" बमोजिम सडक, पुल सम्भार कर लगाइने र असूल उपर गरिनेछ ।

१३. भिडियो तथा तत्सम्बन्धी उपकरणहरूमा लाग्ने कर: आर्थिक वर्ष २०४३।४४ मा "आर्थिक ऐन, २०४२" बमोजिम भिडियो तथा तत्सम्बन्धी उपकरणहरूमा कर लगाइने र असूल उपर गरिनेछ ।

१४. आय टिकट दस्तुर: आर्थिक वर्ष २०४३।४४ मा साबिकमा लगाई आएको आय टिकट दस्तुर खारेज गरिएको छ ।

१५. मालपोत तथा भूमिकर: (१) आर्थिक वर्ष २०४३।४४ मा आर्थिक ऐन, २०४२ बमोजिम मालपोत तथा भूमिकर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भए तापनि नेपाल अधिराज्यभर १.५ (डेढ) बिगहा वा २० रोपनीसम्म जग्गा हुने जग्गाधनीलाई आर्थिक वर्ष २०४३।४४ मा समदरको आधारमा रू. १।– मालपोत लगाई असूल उपर गरिने छ ।

(३) नापी भएका वा नभएका जिल्लाहरूमा यस दफा बमोजिम लाग्ने मालपोत तथा भूमिकरको दश प्रतिशत थप गरी स्थानीय विकास शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(४) मालपोत तथा भूमिकरसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४२ बमोजिम हुनेछ ।



१५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. रजिष्ट्रेशन दस्तुरः (१) आर्थिक वर्ष २०४३।४४ मा अनुसूची ११ बमोजिम रजिष्ट्रेशन दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

(२) मोही लागेको जग्गा राजिनामा र हालैदेखिको बक्सपत्र लिखत गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा २५ प्रतिशत छुट दिइनेछ ।

(३) धर्मपुत्र र अधिकारपत्र बाहेक अरू रजिष्ट्रेशन पारित गरिने सबै प्रकारका लिखतमा थैली खुलाउनु पर्नेछ ।

(४) नेपाल औद्योगिक विकाश कर्पोरेशनले दिएको औद्योगिक कर्जाको लिखत रजिष्ट्रेशन गर्नु पर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(५) श्री ५ को सरकारले चाहेमा सार्वजनिक, सामाजिक तथा धार्मिक संस्था-हरूलाई कसैले दानदातव्य गरी दिएको घर जग्गाको लिखत रजिष्ट्रेशन गर्नु परेमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(६) अंशबण्डा, अंश बुझेको भर्पाई, मानु छुट्टिएको वा मानु जोडिएको, अधिकार-पत्र, धर्मपुत्र, शेषपछिको बक्सपत्र, बन्धकी तमसुकको लिखत बाहेक बेजिल्लाको घर जग्गाको अन्य किसिमको लिखतको लिखत रजिष्ट्रेशन गर्दा अनुसूचीमा उल्लेखित दरमा ७ (सात) प्रतिशत थप गरी दस्तुर लिइनेछ ।

(७) नगर पञ्चायतको शहरी क्षेत्रको लागि तोकिएको उल्लेखित रजिष्ट्रेशन दस्तुरको दर आर्थिक ऐन, २०३९ को रजिष्ट्रेशन दस्तुरको अनुसूचीमा तोकिएका १९ नगर पञ्चायतको शहरी क्षेत्रमा लागू हुनेछ । उक्त १९ नगर पञ्चायतको शहरी क्षेत्र बाहेक अरू नगर पञ्चायतमा पनि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी शहरी क्षेत्र तोकी शहरी क्षेत्रको उल्लेखित दर लागू गर्न सक्नेछ ।

(८) रजिष्ट्रेशन गरिने लिखतहरूमा थैली अंक कायम गर्ने प्रयोजनको लागि श्री ५ को सरकारले सम्बन्धित क्षेत्रको जग्गा जमिनको चलनचल्तीको मूल्यको आधारमा न्यूनतम मूल्य तोक्न सक्नेछ ।

(९) रजिष्ट्रेशन दस्तुरसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४२ बमोजिम हुनेछ ।

१७. रोपवे करः आर्थिक वर्ष २०४३।४४ मा आर्थिक ऐन, २०४२ बमोजिम रोपवे कर लगाइने र असूल उपर गरिनेछ ।

१८. दर घटाउन सक्नेः श्री ५ को सरकारले आवश्यकता अनुसार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी दफा १ मा उल्लेखित महसुलको दर घटाउन सक्नेछ ।



९५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – १

| संकेत नम्बर | माल वा बस्तुको नाम | महसुल दर प्रति १०० के. जी. वा मो. प्र. श. (%) (अन्यथा केही उल्लेख नभएको भए) पैठारी साधारण | पैठारी अधिकतम सोविध्य प्राप्त देशको (भारत र ज. ग. चीनको तिब्बत क्षेत्र बाहेक) | पैठारी भारत र ज. ग. चीनको तिब्बत क्षेत्र | निकासी |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ०८.०१ (ख) २ | अन्य | २५% | २४% | २४% | माफी |
| ०८.०१ (ग) | ब्राजिल सुपारी | २५% | २४% | २४% | माफी |
| ०८.०१ (छ) | खजुर (छोहरा) | २५% | २४% | २४% | माफी |
| ०८.०३ (२) | सुकाएको | २५% | २४% | २४% | माफी |
| ०८.०४ (ख) | सुख्खा | २५% | २४% | २४% | माफी |
| ०८.०५ (क) | बदाम (अलमोण्ड) | ३५% | ३३% | ३३% | माफी |
| ०८.०५ (ख) | खैरो खबटे फलफूल (खैरो सुपारी) | २५% | २४% | २४% | माफी |
| ०८.०५ (ग) १ | सुपारी | २५% | २४% | २४% | माफी |
| ०८.१२ | संकेत नम्बर ०८.०१, ०८.०२, ०८.०३, ०८.०४ वा ०८.०५ अन्तर्गत पर्ने बाहेकका सुकाएको फलफूल | ३५% | ३३% | ३३% | माफी |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| ११.०७ | जौको पीठो (माल्ट) भुटेको वा नभुटेको | १०% | १०% | १०% | माफी |
| १२.०१ (ख) | सुकेको नरिवलको गुदी | २५% | २५% | २४% | माफी |
| १४.०५ (ड) | सावे घाँस (बाबियो वा वनकस) | माफी | माफी | माफी | १०% |
| १७.०१ (क) १ | खाँडसारी मे. टन | २५०० | २३७५ | २२०० | माफी |
| १७.०१ (ख) | अन्य (चिनी र मिश्री समेत) मे. टन | २५०० | २३७५ | २२०० | माफी |
| १९.०७ (२) | अन्य | ११% | १०% | १०% | १% |
| १९.०८ | पेष्ट्री, बिस्कुट, केक र राम्रा खालका रोटीका सामानहरू कुनै अनुपातमा कोको मिसिएको वा नमिसिएको | ४७% | ४५% | ४५% | १% |
| २०.०४ | चिनीद्वारा सुरक्षित गरिएका फलफूल, फलफूलका बोक्रा र विरूवाका अन्य अङ्ग (निचोरेको, चिप्लो, लतपत भएको दाना पारेको) | १०% | १०% | १०% | १% |
| २२.०४ | अल्कोहल नमिसाइकन अंगुर कुहाएर बनाएको रक्सी | १००% | ९५% | ९५% | माफी |
| २२.०५ (१) | सेम्पेन र अन्य संगलो रक्सी | ११५% | ११०% | ११०% | माफी |
| (२) | अन्य | १००% | ९५% | ९५% | माफी |
| २२.०६ | भरमाउथ र बास्ना आउने सारवस्तु (जस्तै कम्पारी-द्वारा सुगन्धित पारिएको ताजा अंगूरको अन्य रक्सी) | ११५% | ११०% | ११०% | माफी |
| २२.०७ | अन्य कुहाइएका पेय पदार्थहरू (जस्तै साइडर, पैरी र मिड) | ११५% | ११०% | ११०% | माफी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| २२.०८ (१) | रेक्टिफाइड अल्कोहल १०० लि. | ११०० | १००० | १००० | माफी |
| २२.०९ (घ) | ब्याटेड स्कच, माल्ट स्प्रिट, इसेन्स | २५% | २४% | २४% | माफी |
| २३.०४ (क) | भटमासको | ७५ | ७५ | ७५ | ५ |
| (ख) | बदामको | ७५ | ७५ | ७५ | ५ |
| (ग) | कपासको बीउको | ७५ | ७५ | ७५ | ५ |
| (घ) | आलसको | ७५ | ७५ | ७५ | ५ |
| (ङ) | सूर्यमुखी फूलको | ७५ | ७५ | ७५ | ५ |
| (च) | खजूरको गेडा वा बियाँको भित्री भागको | ७५ | ७५ | ७५ | ५ |
| (छ) | नरिवलको (सुकेको नरिवलको) | ७५ | ७५ | ७५ | ५ |
| (ज) | रेप (भेडाले खाने घाँसको दाना) वा कोल्जा (बदाम जस्ता बोट) को बीउहरू | ७५ | ७५ | ७५ | ५ |
| (झ) १ | तोरीको | ७५ | ७५ | ७५ | १० |
| २ | अन्य | ७५ | ७५ | ७५ | १% |
| २४.०१ (क) | भर्जिनिया प्रकारको नछुटचाइएको वा धुवाँ (वारन) मा नराखिएको सूर्ती | ५% | ५% | ५% | १० |
| २४.०१ (ख) | नछुटचाइएको अन्य सूर्ती | ५% | ५% | ५% | १० |
| (ग) | भर्जिनिया सूर्ती पूर्ण वा आंशिक रूपमा छुटचाइएको (छानिएको), धुंवा लगाइएको | ५% | ५% | ५% | १० |
| (घ) | पूर्ण वा आंशिक रूपमा छानिएको अरू सूर्ती | ५% | ५% | ५% | १० |
| (ङ) | सूर्तिको अवशेष भागहरू | ५% | ५% | ५% | १० |
| २४.०२ (ग) ३ | नस | १६% | १५% | १५% | १% |



१५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| २५.१५ | सिंगमरमर, ट्राभरटीन, इकाईजिन र अन्य चूनद्वारा स्मारक वा भवन बनाउने ढुंगा, विशिष्ट गुरुत्व २.५ वा बढी भएको र एला-वास्टर अलि अलि टुक्र्याइएको, अलि अलि वर्गाकार जस्तो पारिएको वा रेतीद्वारा वर्गाकार पारिएको समेत घ. मि. | ३% | ३% | ३% | ७५ |
| २५.१६ | ग्रेनाइट (कडा पत्थर), पफाइरी (रेशा नभएको आग्नेय चट्टान), बेसाल्ट, बलौटे ढुंगा र अन्य (स्मारक वा भवन बनाइने ढुंगो टुक्र्याइएको वा वर्गाकार पारिएको भन्दा बढी केही नगरिएको) घ.मि. | ३% | ३% | ३% | ७५ |
| २५.१७ (२) | नटुक्र्याइएको स-साना ढुङ्गाहरू घ. मि. | ३% | ३% | ३% | ७५ |
| २५.१७ (३) | सिंगमरमरका टुक्राहरू र धूलो | १६% | १५% | १५% | ३% |
| २५.१७ (६) | अन्य | माफी | माफी | माफी | ५% |
| २८.०३ | कार्बन (कालो कार्बन समेत) | १०% | १०% | १०% | माफी |
| ३२.०४ (२) | अन्य प्रक्रिया लगाइएको कत्था | ३२% | ३०% | ३०% | ३०० |
| ३२.०५ (ख) | अन्य | १०% | १०% | १०% | माफी |
| ३३.०४ (२) | अन्य | १०% | १०% | १०% | माफी |
| ३७.०७ (क) | सिनेमासम्बन्धी फिल्म (चलचित्र उद्योगले झिकाउने) मि. | ०.१५ | ०.१४ | ०.१४ | माफी |
| ३७.०७ (ख) | अन्य मि. | ०.३० | ०.२८ | ०.२८ | माफी |
| ३७.०८ | रासायनिक उत्पादनहरू र फ्लासलाइट फोटोग्राफि- | | | | |



९२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | क्को लागि प्रयोग गर्ने खालका सामग्रीहरू | १०% | १०% | १०% | माफी |
| ३८.०७ | | स्पिरिट र टर्पेन्टाइन (गम, काठ र सल्फेट) अन्य टर्पेनिक घोलकहरू (कोनिफेरोस काठहरूको उर्द्धपादन वा अन्य क्रियाद्वारा उत्पादित), कच्चा डिपेण्टिन, सल्फाइट टर्पेण्टाइन सल्लाको तेल (टर्पेनिओल प्रशस्त मात्रामा नभएको सल्लाको तेल समेत) | १०% | १०% | १०% | माफी |
| ३८.०८ | (१) | सल्लाको खोटो (चोप) | माफी | माफी | माफी | १०% |
| ३९.०१ | (ख) | प्राथमिकरूपमा फेनोप्लाष्टहरू | १०% | १०% | १०% | माफी |
| ३९.०२ | (ख) | प्राथमिक रूपमा पोलिइथिलिन | १०% | १०% | १०% | माफी |
| | (च) | प्राथमिक रूपमा पोलिप्रोपिलिन | १०% | १०% | १०% | माफी |
| | (झ) | पोलिस्टाइरिन र यसका कोपोलिमरहरू प्राथमिक रूपमा | १०% | १०% | १०% | माफी |
| | (ड) | प्राथमिक रूपमा पोलिभाईनिल क्लोराइड | १०% | १०% | १०% | माफी |
| | (द) | प्राथमिक रूपमा भाइनिइल क्लोराइड र भाइलिन एसिटेट वा कोपोलिमरहरू (संयुक्त बहुभागहरू) | १०% | १०% | १०% | माफी |
| | (ब) | एक्रिलिक पोलिमर (बहुभाग)हरू, मिथाएक्रिलिक पोलिमर (बहुभाग) र एक्रीलो मिथाएक्रिलिक संयुक्त भागहरू (कोपोलिमर, प्राथमिक रूपमा) | १०% | १०% | १०% | माफी |
| ३९.०३ | (क) ३ | झिल्ली (सेलोफेन) | १०% | १०% | १०% | माफी |
| ४०.०५ | | भल्कनाइज नगरेको कृत्रिम वा प्राकृतिक रबरको पाता, चादर, स्ट्रिप (संकेत नं. ४०.०१ वा ४०.०२ | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | को स्मोकड चादर र क्रेप चादर बाहेक) भल्कनाइज नगरेको प्राकृतिक रबर वा कृत्रिम रबर मिश्रण गरी भल्कनाइजेशनको लागि तयार भएका दाना, भल्कनाइज नगरेको प्राकृतिक वा कृत्रिम रबर जम्नु-भन्दा पहिले वा पछाडि कार्वन कालो (खनिज तेल भएको वा नभएको) वा सिलिका (खनिज तेल भएको वा नभएको) मिसाएको "मास्टर व्याच" जस्तै किसिमको जुनसुकै रूपमा भए पनि | १६% | १५% | १५% | माफी |
| ४०.०६ (२) | अन्य | १६% | १५% | १५% | माफी |
| ४०.०८ (२) | टायर मर्मत गर्ने | १०% | १०% | १०% | माफी |
| ४०.१३ (१) | सर्जिकल ग्लोव्स (पन्जा) | १% | १% | १% | माफी |
| ४०.१३ (२) | अन्य | २१% | २०% | २०% | माफी |
| ४२.०२ (ख) १ | शृंगार बक्स (सबै किसिमको) | ४०% | ३८% | ३५% | माफी |
| ४२.०२ (ख) २ | तयारी छालाको सुटकेश, सबै किसिमको सुटकेश, सबै किसिमको भ्रमण व्याग्स, एयर व्याग्स र शपिङ व्यागससमेत | ४०% | ३८% | ३५% | माफी |
| ४२.०२ (ग) २ | ब्रिफकेश (सबै किसिमको) | ४०% | ३८% | ३५% | माफी |
| ४४.०३ (क) | गुभो भएको काठ | माफी | माफी | माफी | १००% |
| (ख) | चीर देवदार सल्लो जातका चिरान गर्ने र पातलो बोक्रा भएको काठ | माफी | माफी | माफी | १००% |
| (ग) | चीर देवदार सल्लो जातका बाहेक अरू जातका चिरान गर्ने र पातलो बोक्रा भएको काठ | माफी | माफी | माफी | १००% |



969

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (घ) | अन्य (बल्ला बल्ली समेत) | माफी | माफी | माफी | १००% |
| ४४.०४ | (क) | चीर देवदार र सल्लो जातको | माफी | माफी | माफी | १००% |
| | (ख) | अन्य | माफी | माफी | माफी | १००% |
| ४४.०५ | (क) | चीर देवदार र सल्लो जातको | माफी | माफी | माफी | ७०% |
| | (ख) | अन्य | माफी | माफी | माफी | ७०% |
| ४४.०७ | | रेल र ट्रामको काठको स्लीपर (पटरी) हरू | माफी | माफी | माफी | ७०% |
| ४४.०६ | (क) | गुभोदार काठको टुक्राटुक्री वा छेस्का छेस्की | माफी | माफी | माफी | ७०% |
| | (ख) | अन्य | माफी | माफी | माफी | ७०% |
| ४४.११ | (क) | खंदिलो रेशा बनाउने काठको बोर्ड (हार्डबोर्ड) | ३६% | ३४% | ३४% | ७०% |
| | (ख) | अन्य | ३६% | ३४% | ३४% | ७०% |
| ४४.१३ | (क) | सल्लो जातीको | १४% | १३% | १३% | २०% |
| | (ख) | अन्य | १४% | १३% | १३% | २०% |
| ४४.१४ | | लम्बाइमा चिरेको, ताछेको वा खुर्केको तर अन्य केही नगरिएको ५ मि. मि. भन्दा बढी बाक्लो हुने गरी नबनाएको काठ (चिल्लो पारिएको काठको पातलो फलेक (भेनिष्टा), प्लाइउडको लागि फलेक ५ मि. मि. भन्दा बढी बाक्लो नभएको | ११% | १०% | १०% | २०% |
| ४४.२० | | काठका तस्वीरका फ्रेम, फोटोग्राफ फ्रेम, ऐनाको फ्रेम र यस्तै सामान | १५% | १४% | १४% | १०% |
| ४८.१८ | (२) | तस्वीर राख्ने पुस्तिका (अल्बम) | २०% | १९% | १९% | माफी |



९६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | परिच्छेद ११ को द्रष्टव्यको दफा ८ पछि निम्न दफा ६ राखिएको छः– | | | | |
| | (६) | साडी, धोती र लुंगी आयात हुँदा जुन जातको हो उसै जातको कपडाको संकेत नं. अन्तर्गतबाट महसुल असूल गरिनेछ । | | | | |
| ५१.०१ | (क) | अभग्न पोलियामाइड (नाइलन) रेशाको व्यवस्थित गरी मिलाएको धागो | ५०% | ४८% | ४०% | माफी |
| | (ख) | अभग्न पोलियामाइड (नाइलन) को व्यवस्थित गरी नमिलाएको रेशा, नबाटिएको वा १ मिटरमा ५० फन्काभन्दा बढी नबाटिएको | ५०% | ४८% | ४०% | माफी |
| | (ग) | अभग्न पोलियामाइड (नाइलन) रेशाको व्यवस्थित गरी नमिलाएको अन्य धागो | ५०% | ४८% | ४०% | माफी |
| | (घ) | अभग्न पोलिष्टर (टेरेलिन) रेशाको व्यवस्थित गरी मिलाएको धागो | ५०% | ४८% | ४०% | माफी |
| | (ङ) | अभग्न पोलिष्टर रेशाको व्यवस्थित गरी नमिलाएको र नबाटेको वा १ मिटरमा ५० फन्काभन्दा बढी नबाटिएको धागो | ५०% | ४८% | ४०% | माफी |
| | (च) | अभग्न पोलिष्टर रेशाको व्यवस्थित गरी नमिलाएको अन्य धागो | ५०% | ४८% | ४०% | माफी |
| | (छ) | अन्य अभग्न कृत्रिम रेशाको धागो | ५०% | ४८% | ४०% | माफी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (ज) | अभग्न भिस्कोस रेयनको धागो | ५०% | ४८% | ४०% | माफी |
| | (झ) | कुनै अभग्न एसिटेड रेशाको धागो | ५०% | ४८% | ४०% | माफी |
| | (ञ) | अन्य अभग्न पुनरूत्थिन (रिजेनेरेटेड) कपडाको रेशाको धागो | ५०% | ४८% | ४०% | माफी |
| ५१.०२ | (क) | कृत्रिम रेशा पदार्थको | ५०% | ४८% | ४०% | माफी |
| | (ख) | पुनरूत्थित रेशा पदार्थको | ५०% | ४८% | ४०% | माफी |
| ५१.०३ | (क) | अभग्न कृत्रिम रेशाको | ५०% | ४८% | ४०% | माफी |
| | (ख) | अभग्न पुनरूत्थित गरिएको रेशाको | ५०% | ४८% | ४०% | माफी |
| ५५.०६ | (क) १ | १००% कपासको वजन भएको कपडा | ७५% | ७१% | ८% | माफी |
| ५५.०६ | (ख) १ | १००% कपासको वजन भएको कपडा | ७५% | ७१% | ८% | माफी |
| ५६.०५ | (क) | भग्न कृत्रिम रेशाको वजन ८५ प्रतिशत वा सोभन्दा बढी भएमा | ५०% | ४८% | ४०% | माफी |
| | (ख) | ८५ प्रतिशतभन्दा कम कृत्रिम रेशाको वजन भएको मुख्यतया वा पूर्णतया कपास मिसिएको अभग्न कृत्रिम रेशाको | ५०% | ४८% | ४०% | माफी |
| | (ग) | ८५ प्रतिशतभन्दा कम वजन भग्न कृत्रिम रेशा भएको मुख्यतया वा पूर्णतया ऊन वा जीव-जन्तुको मसिनो रौं मिसिएको भग्न कृत्रिम रेशाको | ५०% | ४८% | ४०% | माफी |
| | (घ) | ८५ प्रतिशतभन्दा कम वजन भग्न कृत्रिम रेशा भएको र मुख्यतया वा पूर्णतया ऊन वा जीव-जन्तुको मसिनो रौं र कपास बाहेक अरू रेशा मिश्रित भग्न रेशा | ५०% | ४८% | ४०% | माफी |



१६४

मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (ङ) | ८५ प्रतिशतभन्दा बढी पुनरूत्थान रेशा वजन भएको भग्न पुनर्जागृत रेशाको | ५०% | ४८% | ४०% | माफी |
| ५६.०५ | (च) | ८५ प्रतिशतभन्दा कम्म वजन पुनरूत्थित रेशाको भएको र मुख्यतया वा पूर्णतया त्यस्तो रेशामा कपास मिसिएको भग्न पुनरूत्थित रेशाको | ५०% | ४८% | ४०% | माफी |
| | (छ) | भग्न पुनर्जागृत रेशाको ८५ प्रतिशतभन्दा कम वजन भएको मुख्यतः वा पूर्णतः ऊन वा जीव-जन्तुको मसिनो रौं मिश्रित रेशाको | ५०% | ४८% | ४०% | माफी |
| | (ज) | ८५ प्रतिशतभन्दा कम भग्न पुनरूत्थित रेशाको वजन भएको मुख्यतः वा पूर्णतः कपास, ऊन वा जीवजन्तुको मसिनो रौंबाहेक अन्य रेशा मिश्रित भग्न कृत्रिम रेशाको | ५०% | ४८% | ४०% | माफी |
| ५६.०६ | (क) | भग्न कृत्रिम रेशाको ८५ प्रतिशत वा सोभन्दा बढी वजन भएको | ५०% | ४८% | ४०% | माफी |
| | (ख) | भग्न कृत्रिम रेशाको ८५ प्रतिशतभन्दा कम वजन भएको | ५०% | ४८% | ४०% | माफी |
| | (ग) | भग्न पुनरूत्थित रेशा | ५०% | ४८% | ४०% | माफी |
| ६२.०२ | (ख) | अरू रेशाको तन्ना | ६५% | ६२% | १०% | माफी |
| | (घ) | अरू रेशाको टेवुलपोश | ६५% | ६२% | १०% | माफी |
| | (च) | अन्य रेशाको भान्छा र बाथरूममा काम लाग्ने रूमाल | ६५% | ६२% | १०% | माफी |
| | (ज) | अन्य रेशाका अन्य सामानहरू | ६५% | ६२% | १०% | माफी |
| ६९.०७ | | ग्लेज नगरेको, चारपाटे, जमीन छाप्ने, अघेनीको र भित्ते टायल | २१% | २०% | १०% | माफी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६६.०८ | | ग्लेज भरेको, चारपाटे, जमीन छाप्ने, अग्नेनीको र | | | | |
| | | भित्ते टायल | ४२% | ४०% | २५% | माफी |
| ७०.१० | (क) | काँचको बोतलहरू | १०% | १०% | ५% | ५% |
| | (ख) | अन्य | ४०% | ३८% | १०% | ५% |
| ७३.१३ | (ङ) २ | कोटेड वा ग्याल्भनाइज प्लेन | १०% | १०% | ५% | माफी |
| ७३.१३ | (ङ) ३ | अन्य (ब्लाकसिट समेत) | ५% | ५% | ५% | माफी |
| ७३.१४ | | छेका लगाएको वा नलगाइएको तर सुचालक | | | | |
| | | नबनाइएको फलाम वा इस्पातको तार | ५% | ५% | ५% | माफी |
| ७३.१५ | (ज) | उच्च कार्बन इस्पातका तार | १०% | १०% | ५% | माफी |
| | (झ) | स्टेनलेस वा ताप सहने इस्पातका तार | १०% | १०% | ५% | माफी |
| | (क क) | अन्य मिश्रित इस्पातका तार | १०% | १०% | ५% | माफी |
| ७३.१८ | (क) २ | अन्य (ब्लाक पाइप समेत) | १०% | १०% | ५% | माफी |
| ७३.१८ | (ख) | अन्य | १०% | १०% | ५% | माफी |
| ७४.०३ | (क) | तामाको तार | ५% | ५% | ५% | माफी |
| | (ख) | अन्य | ५% | ५% | ५% | माफी |
| ७६.०२ | (२) | अन्य | ५% | ५% | ५% | माफी |
| ८०.०३ | | टिनका प्रभावित पाता, पत्र र फित्ताहरू | १०% | १०% | ५% | माफी |
| ८३.०७ | (४) | खेलकूदमा पुरस्कार स्वरूप प्रदान गर्ने शिल्ड कपहरू | ५% | ५% | ५% | माफी |
| | (५) | अन्य | ५३% | ५०% | ५०% | माफी |
| ८३.१३ | | आधारभूत धातुबाट बनेको बिर्कोहरू, क्राउनकर्क, | | | | |
| | | बोतलको बिर्को, क्यापसूल, बङ्गको बिर्को, सिल, | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | शिशाको मुख बन्द गर्ने (बिर्को) र अन्य आधारभूत धातुको बन्द गर्ने सहायक सामानहरू | १०% | १०% | १०% | माफी |
| ८४.५४ | (ख) ३ | अन्य मेशिन | ४०% | ४०% | ४०% | माफी |
| ८५.०५ | | हातले काम गर्ने औजारहरू र स्वयं रोकिने वा चल्ने बिजुलीको मोटर सहित | ५% | ५% | ५% | माफी |
| ८५.१५ | (ख) | रङ्ग देखिने टेलिभिजनका रिसिभरहरू ध्वनि (आवाज) संग्रह र प्रशारण गर्ने यन्त्र समेत भएका रिसिभरहरू | ९०% | ८५% | ८५% | माफी |
| | (ग) | रङ्गको विभिन्न छायाँमा लेखिएको चित्र देखिने टेलिफोन ध्वनि (आवाज) संग्रह र प्रशारण गर्ने यन्त्र समेत भएको रिसिभर सहित | ९०% | ८५% | ८५% | माफी |
| ८७.०२ | (क) १ | जीप, ल्याण्डरोभर, रूस कट्रिकार (जीप-स्टेशन वाइगन जीप टाइप) (कार टाइप बाहेक) | ७५% | ७१% | ७१% | माफी |
| ८७.०२ | (क) ३ | | | | | |
| | (अ) | ८५० सी. सी. सम्मको | १२५% | १२०% | १२०% | माफी |
| | (आ) | ८५१ देखि १३०० सी. सी. सम्मको | १५०% | १४०% | १४०% | माफी |
| | (इ) | १३०१ देखि २००० सी. सी. सम्मको | २००% | १९०% | १९०% | माफी |
| | (ई) | २००१ देखि २९०० सी. सी. सम्मको | २५०% | २३५% | २३५% | माफी |
| | (उ) | २९०१ देखि बढी सी. सी. को | ३००% | २८५% | २८५% | माफी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टव्य:—

(क) पर्यटकहरूले कार्नेमा ल्याएको गाडी वा मोटर साइकलमा ६ महिनासम्म अस्थायी पैठारी महसुल लाग्नेछैन सो अवधि भित्र फिर्ता लैजानु पर्नेछ। एकै कार्ने अन्तर्गत सवारीको साधन ६ महिनाभित्रै पटक पटक ल्याउने लैजाने गरेमा पहिलो पल्ट प्रवेश गरेकै मितिले ६ महिनाको गन्ती गरिनेछ। तर एउटै सवारीको साधन अर्को (नयाँ) कार्ने अन्तर्गत ६ महिना भित्रै फेरी ल्याएमा पुनः ६ महिनासम्म अस्थायी पैठारी महसुल नतिरी चलाउन पाउनेछ। पर्यटकहरूले कार्नेमा ल्याएको गाडी वा मोटरसाइकल ६ महिनाभित्र फिर्ता नलगिएमा स्वतः जफत हुनेछ।

(ख) सामानहरूको परिवहनको लागि गाडीहरूलाई अस्थाई रूपमा ६ महिनासम्म पैठारी गर्न सकिनेछ। यस्तोमा अस्थायी पैठारी महसुल लिइनेछ। त्यस्तो अस्थायी पैठारी महसुल भेरी अञ्चल र सोभन्दा पूर्वका इलाकाहरूको लागि पैठारी भएकोमा प्रति दिन रू. ४००।– का दरले र भेरी अञ्चलभन्दा पश्चिमका इलाकाको लागि पैठारी भएमा प्रति दिनको रू. २००।– का दरले असूल गरिनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९०.१७ | (ग) | मेडिकल इन्जेक्सन निडल | १०% | १०% | १०% | माफी |
| ९०.१७ | (घ) | अन्य | १% | १% | १% | माफी |
| ९२.११ | (ग) | टेलिभिजन आकार र आवाज रिकर्ड गर्ने र पुनः प्रशारण गर्ने (भिडियो डेक) | १२०% | ११०% | ११०% | माफी |
| ९३.०५ | | अन्य विवरणका हतियार, हावा, स्प्रिङ्ग र यस्तै पिस्तोल, राइफल र बन्दूक समेत | ८८% | ८४% | ८४% | माफी |
| ९४.०३ | (ख) | काठका | ६२% | ६०% | ५५% | १०% |
| ९७.०४ | (१) | खेल्ने तास | १००% | ६५% | ५०% | माफी |

यस अनुसूचीमा उल्लेख नभएका माल वस्तुमा आर्थिक ऐन, २०४२ को अनुसूची-१ को भन्सार महसुल दर लागू हुनेछ।



१६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–३

भारतबाट डी. आर. पी. (ड्यूटी रिफण्डेबल प्रोसिड्योर)

फारामद्वारा पैठारी हुने सामानमा लाग्ने सरचार्जको दर

| संकेत नम्बर | माल वा वस्तुको नाम | इकाई | सरचार्जको दर (रू. वा प्रतिशतमा) |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| ३३.०६ (१)(४)(५) | शृङ्गारका सामान | मो. प्र.श. | ५% |
| ३४.०१ (३) ४ | दाह्री काट्ने साबुनहरू र लुगा धुने साबुन | | १२% |
| ८५.०३ | ड्राई व्याट्रीहरू | | ५% |
| ८५.२३ | तार र केवल | | ७% |
| ९४.०१(क)(ख) ९४.०३ (क)(ख)(ग) | सबै किसिमका फर्निचर | | २५% |

यस अनुसूचीमा उल्लेख नभएका माल सामानमा आर्थिक ऐन, २०४२ को अनुसूची ३ को सरचार्ज दर लागू हुनेछ ।



960

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-४

### भारतको वण्डेड वेयर हाउसबाट पैठारी हुने माल वस्तुको महसुल दर

| संकेत नम्बर | माल वा वस्तुको विवरण | इकाई | महसुल दर रु. मा. |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| २७.१० (क) | सवारीको इन्धन | कि. लि. | ४,०५०।– |
| २७.१० (च) | हाइस्पिड डिजेल | कि. लि. | १,६००।– |
| २७.१० (ज) ३<br>३४.०३ | मोबिल, ग्रीज र पेट्रोलियमबाट बनेको सबै प्रकारको लुब्रिकेटिंग आयल | कि. लि. | ५,५००।– |

यस अनुसूचीमा उल्लेख नभएका माल सामानमा आर्थिक ऐन, २०४२ को अनुसूची ४ को अनुसार महसुल दर लागू हुनेछ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची (५)
## अन्तःशुल्क दरबन्दी
### आ. व. २०४३।४४

| संकेत नम्बर | वस्तुको विवरण | इकाई | दर |
|---|---|---|---|
| ०१–४ | चामल (विद्युत, वाष्प तथा क्रुड आयल जस्ता इन्धनद्वारा संचालित मिलबाट उत्पादित):–<br>(क) झिकिएको<br>(ख) देहायको चामल मिलबाट (हलर र सेलर सिष्टमका) देहाय अनुसार समदरको आधारमा वार्षिक अन्तःशुल्क लिइनेछः– | | |

| अश्व शक्ति (बी. एच. पी.) | विद्युत वा वाष्पद्वारा संचालित हलर सिष्टमको मिलमा वार्षिक अन्तःशुल्क दर रू. | क्रुड आयलद्वारा संचालित हलर सिष्टमको मिलमा वार्षिक अ. शु. दर रू. | आधुनिक (सेलर) मिलमा वार्षिक अन्तःशुल्क दर रू. |
|---|---|---|---|
| १० अश्व शक्तिसम्म | रू. ६००।– | रू. ५४०।– | हलर सिष्टम सरह |
| ११ " " | रू. १,७५०।– | रू. १,५७५।– | हलर सिष्टममा ५० % थप |
| १२ " " | रू. १,८००।– | रू. १,६२०।– | " " |
| १३ " " | रू. १,८५०।– | रू. १,६६५।– | " " |
| १४ " " | रू. १,९००।– | रू. १,७१०।– | " " |
| १५ " " | रू. २,०००।– | रू. १,८००।– | " " |
| १६ " " | रू. २,०५०।– | रू. १,८४५।– | हलर सिष्टममा शत् प्र. थप |
| १७ " " | रू. २,१००।– | रू. १,८९०।– | " " |
| १८ " " | रू. २,१५०।– | रू. १,९३५।– | " " |
| १९ " " | रू. ३,०००।– | रू. २,७००।– | " " |
| २० " " | रू. ३,१५०।– | रू. २,८३५।– | " " |
| २१ " " | रू. ३,३००।– | रू. २,९७०।– | " " |
| २२ " " | रू. ३,४५०।– | रू. ३,१०५।– | " " |
| २३ " " | रू. ३,६००।– | रू. ३,२४०।– | " " |



९०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| २४ अश्व शक्तिसम्म | रू. | ३,७५०।– | रू. | ३,३७५।– | हलर सिष्टममा शत् प्र.थप |
| २५ " " | रू. | ३,९००।– | रू. | ३,५१०।– | " " |
| २६ " " | रू. | ४,०००।– | रू. | ३,६००।– | " " |
| २७ " " | रू. | ४,१००।– | रू. | ३,६९०।– | " " |
| २८ " " | रू. | ४,२००।– | रू. | ३,७८०।– | " " |
| २९ " " | रू. | ४,३००।– | रू. | ३,८७०।– | " " |
| ३० " " | रू. | ४,४००।– | रू. | ३,९६०।– | " " |
| ३१ " " | रू. | ४,५००।– | रू. | ४,०५०।– | " " |
| ३२ " " | रू. | ४,६००।– | रू. | ४,१४०।– | " " |
| ३३ " " | रू. | ४,७००।– | रू. | ४,२३०।– | " " |
| ३४ " " | रू. | ४,८००।– | रू. | ४,३२०।– | " " |
| ३५ " " | रू. | ५,०००।– | रू. | ४,५००।– | " " |
| ३६ " " | रू. | ५,१५०।– | रू. | ४,६३५।– | " " |
| ३७ " " | रू. | ५,३००।– | रू. | ४,७७०।– | " " |
| ३८ " " | रू. | ५,४५०।– | रू. | ४,९०५।– | " " |
| ३९ " " | रू. | ५,६००।– | रू. | ५,१४०।– | " " |
| ४० " " | रू. | ६,०००।– | रू. | ५,४००।– | " " |
| ४१ " " | रू. | ६,२००।– | रू. | ५,५८०।– | " " |
| ४२ " " | रू. | ६,४००।– | रू. | ५,७६०।– | " " |
| ४३ " " | रू. | ६,६००।– | रू. | ५,९४०।– | " " |
| ४४ " " | रू. | ६,८००।– | रू. | ६,१२०।– | " " |
| ४५ " " | रू. | ७,५००।– | रू. | ६,७५०।– | " " |
| ४६ " " | रू. | ७,७००।– | रू. | ६,९३०।– | " " |
| ४७ " " | रू. | ७,९००।– | रू. | ७,११०।– | " " |
| ४८ " " | रू. | ८,१००।– | रू. | ७,२९०।– | " " |
| ४९ " " | रू. | ८,३००।– | रू. | ७,४७०।– | " " |
| ५० " " | रू. | ८,५००।– | रू. | ७,६५०।– | " " |
| ५१ " " | रू. | ९,०००।– | रू. | ८,१००।– | " " |
| ५२ " " | रू. | ९,२००।– | रू. | ८,२८०।– | " " |
| ५३ " " | रू. | ९,५००।– | रू. | ८,५५०।– | " " |
| ५४ " " | रू. | ९,७००।– | रू. | ८,७३०।– | " " |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५५ | अश्व शक्तिसम्म | रू. | ९,९००।– | रू. | ८,९१०।– | हलर सिष्टममा शत् प्र.थप |
| ५६ | " " | रू. | १०,१००।– | रू. | ८,९९०।– | " " |
| ५७ | " " | रू. | १०,३००।– | रू. | ९,२७०।– | " " |
| ५८ | " " | रू. | १०,५००।– | रू | ९,४५०।– | " " |
| ५९ | " " | रू. | १०,७००।– | रू. | ९,६३०।– | " " |
| ६० | " " | रू. | ११,०००।– | रू. | ९,९००।– | " " |
| ६१ | " " | रू. | ११,३००।– | रू. | १०,१७०।– | " " |
| ६२ | " " | रू. | ११,६००।– | रू. | १०,४४०।– | " " |
| ६३ | " " | रू. | ११,९००।– | रू. | १०,७१०।– | " " |
| ६४ | " " | रू. | १२,२००।– | रू. | १०,९८०।– | " " |
| ६५ | " " | रू. | १२,५००।– | रू. | ११,२५०।– | " " |
| ६६ | " " | रू. | १२,८००।– | रू. | ११,५२०।– | " " |
| ६७ | " " | रू. | १३,१००।– | रू. | ११,७९०।– | " " |
| ६८ | " " | रू. | १३,४००।– | रू. | १२,०६०।– | " " |
| ६९ | " " | रू. | १३,७००।– | रू. | १२,३३०।– | " " |
| ७० | " " | रू. | १४,०००।– | रू. | १२,६००।– | " " |
| ७० भन्दा माथि प्रत्येक अश्व शक्ति थपमा | | थप रू. | २००।– | थप रू. | १२०।– | " " |

– अतिरिक्त हलर राखेमा देहाय अनुसार बुझाउन पर्नेछ ।
(तर १ देखि १० अश्व शक्तिको मिलले अतिरिक्त हलर समेत एकै साथ चलाउने गरी राख्न पाउने छैन)

– आलो-पालो गरी चलाउन राखेको प्रत्येक अतिरिक्त हलर के,

(क) विद्युतबाट परिचालित रू. ३००।–
(ख) क्रुड आयलबाट परिचालित रू. २७०।–

– ११ देखि १८ अश्व शक्तिको मिलमा राखिने प्रत्येक अतिरिक्त हलरके,

(क) विद्युतबाट परिचालित रू. १,१००।–
(ख) क्रुड आयलबाट परिचालित रू. ९९०।–

– १९ देखि २५ अश्व शक्तिको मिलमा राखिने प्रत्येक अतिरिक्त हलरके,

(क) विद्युतबाट परिचालित रू. १,२००।–
(ख) क्रुड आयलबाट परिचालित रू. १,०८०।–


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

– २६ देखि ३० अश्व शक्तिको मिलमा राखिने प्रत्येक अतिरिक्त हलरके,
(क) विद्युतबाट परिचालित रू. १,३००।–
(ख) क्रुड आयलबाट परिचालित रू. १,१७०।–
– ३१ देखि ४० अश्व शक्तिको मिलमा राखिने प्रत्येक अतिरिक्त हलरके,
(क) विद्युतबाट परिचालित रू. १,४००।–
(ख) क्रुड आयलबाट परिचालित रू. १,२६०।–
– ४१ देखि ५० अश्व शक्तिको मिलमा राखिने प्रत्येक अतिरिक्त हलरके,
(क) विद्युतबाट परिचालित रू. १,५००।–
(ख) क्रुड आयलबाट परिचालित रू. १,३५०।–
– ५१ देखि ६० अश्व शक्तिको मिलमा राखिने प्रत्येक अतिरिक्त हलरके,
(क) विद्युतबाट परिचालित रू. १,६००।–
(ख) क्रुड आयलबाट परिचालित रू. १,४४०।–
– ६१ देखि बढी अश्व शक्तिको मिलमा राखिने प्रत्येक अतिरिक्त हलरके,
(क) विद्युतबाट परिचालित रू. १,७००।–
(ख) क्रुड आयलबाट परिचालित रू. १,५३०।–

०१–६ झिकिएको
०१–७ झिकिएको
०१–७ (क) ठोस, तरल वा धूलो रूपमा रहेको
चक्लेट मो. प्र. श. ५%
०१–८ लेमु, अरेन्ज, कोकाकोला जस्ता
(सोडा बाहेक) हल्का पेय पदार्थ प्रति लिटर रू. १।– र थप
मो. प्र. श. ५%
०१–९ झिकिएको
०१–१० झिकिएको
०१–११ झिकिएको
०१–१३ विद्युत शक्ति प्रयोग गरी उत्पादन
गरिएको इन्स्टेण्ट नुडल्स, चाउचाउ,
मेकरोनी, स्पेगेटी मो. प्र.श. ५%
०१–१५ झिकिएको
०२–१ बियर प्रति लिटर रू. १२।– वा मो. प्र. श.
८५%मा जुन बढी हुन्छ



९६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

०२–३ (क) उच्चकोटीको मदिरा

३५ यू. पी. शक्ति र सोभन्दा बढी शक्तिको उच्च खालको मदिरा — प्रति एल. पी. लि. रू. ५५%वा मो. प्र.श. ६५%मा जुन बढी हुन्छ।

०२–३ (ख) निम्नकोटीको मदिरा

(१) ४० यू. पी. शक्तिभन्दा बढी ५० यू. पी. शक्तिसम्मको बोतल बन्दी मदिरा — प्रति एल.पी.लि. रू. २२।– वा मो. प्र. श. ७५% मा जुन बढी हुन्छ।

(२) ५० यू. पी. शक्तिभन्दा बढी ६० यू. पी. शक्तिसम्मको बोतल बन्दी मदिरा — प्रति एल.पी.लि. रू. ११।५० वा मो.प्र.श. ५४%मा जुन बढी हुन्छ

(३) ६० यू. पी. शक्तिभन्दा बढी यू. पी. शक्तिको बोतल बन्दी मदिरा — " — रू. १० वा मो. प्र. श. ३८% मा जुन बढी हुन्छ।

(४) ४० यू. पी. शक्तिभन्दा बढी ५० यू. पी. शक्ति सम्मको खुल्ला मदिरा — " — रू. २३।– वा मो.प्र.श. ७८%मा जुन बढी हुन्छ ।

(५) ५० यू. पी. शक्तिभन्दा बढी ६० यू. पी. शक्तिसम्मको खुल्ला मदिरा — " — रू. १२।५० वा मो. प्र. श. १३५%मा जुन बढी हुन्छ।

(६) ६० यू. पी. शक्तिभन्दा बढी यू. पी. शक्तिको खुल्ला मदिरा — " — रू. ११। वा मो. प्र. श. १२७% मा जुन बढी हुन्छ ।



१७६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ०३–१ | चुरोट | |
| | (क) प्रति हजार खिल्ली रु. ३५।– सम्म मोल पर्नेमा प्रतिहजार | रु. ११। वा मो. प्र. श. ३० %मा जुन बढी हुन्छ। |
| | (ख) प्रति हजार खिल्ली रु. ३५ भन्दा बढी रु. ५०। सम्म मोल पर्नेमा | ″ रु. २५। वा मो. प्र. श. ६० %मा जुन बढी हुन्छ। |
| | (ग) प्रति हजार खिल्ली रु. ५०। भन्दा बढी रु. ७५। सम्म मोल पर्नेमा | ″ रु. ६२। वा मो. प्र. श. ९० %मा जुन बढी हुन्छ। |
| | (घ) प्रति हजार खिल्ली रु. ७५। भन्दा बढी रु. १००। सम्म मोल पर्नेमा | ″ रु. ८५। वा मो. प्र. श. ९० %मा जुन बढी हुन्छ। |
| | (ङ) प्रति हजार खिल्ली रु. १००। भन्दा बढी रु. २००। सम्म मोल पर्नेमा | ″ रु. १६५। वा मो. प्र.श. ९० %मा जुन बढी हुन्छ। |
| | (च) प्रति हजार खिल्ली रु. २००। भन्दा बढी रु. २४०। सम्म मोल पर्नेमा | ″ रु. १७०। वा मो. प्र. श. ७५% मा जुन बढी हुन्छ। |
| | (छ) प्रति हजार खिल्ली रु. २४०। भन्दा बढी रु. ३००। सम्म मोल पर्नेमा | ″ रु. २००। वा मो. प्र. श. ७५ %मा जुन बढी हुन्छ। |
| | (ज) प्रति हजार खिल्ली रु. ३००। भन्दा बढी मोल पर्नेमा | ″ रु. २५०। वा मो. प्र. श. ८० %मा जुन बढी हुन्छ। |
| ०६–१ | खाद्य तेल (तोरी, सरस्युं, रायो र आलसबाट उत्पादित) | |
| | (क) झिकिएको | |
| | (ख) देहायका तेल मिलबाट देहाय अनुसार समदरको आधारमा अन्तःशुल्क लिइनेछः– | |



966

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| बी. एच. पी. अश्वशक्ति | वाष्प वा विद्युतद्वारा संचालित मिलमा वार्षिक अन्तःशुल्क दर | | क्रुड आयलबाट संचालित मिलमा वार्षिक अन्तःशुल्क दर | |
|---|---|---|---|---|
| १० अश्व शक्तिसम्म | रू. | ४००।– | रू. | ३६०।– |
| ११ " | रू. | ६००।– | रू. | ५४०।– |
| १२ " | रू. | ६५०।– | रू. | ५८५।– |
| १३ " | रू. | ७००।– | रू. | ६३०।– |
| १४ " | रू. | ७५०।– | रू. | ६७५।– |
| १५ " | रू. | ८००।– | रू. | ७२०।– |
| १६ " | रू. | ८५०।– | रू. | ७६५।– |
| १७ " | रू. | ९००।– | रू. | ८१०।– |
| १८ " | रू. | ९५०।– | रू. | ८५५।– |
| १९ " | रू. | १,०००।– | रू. | ९००।– |
| २० " | रू. | १,०५०।– | रू. | ९४५।– |
| २१ " | रू. | १,१००।– | रू. | ९९०।– |
| २२ " | रू. | १,१५०।– | रू. | १,०३५।– |
| २३ " | रू. | १,२००।– | रू. | १,०८०।– |
| २४ " | रू. | १,२५०।– | रू. | १,१२५।– |
| २५ " | रू. | १,३००।– | रू. | १,१७०।– |
| २६ " | रू. | १,६००।– | रू. | १,४४०।– |
| २७ " | रू. | १,७००।– | रू. | १,५३०।– |
| २८ " | रू. | १,८००।– | रू. | १,६२०।– |
| २९ " | रू. | १,९००।– | रू. | १,७१०।– |
| ३० " | रू. | २,०००।– | रू. | १,८००।– |
| ३१ " | रू. | २,५००।– | रू. | २,२५०।– |
| ३२ " | रू. | २,६००।– | रू. | २,३४०।– |
| ३३ " | रू. | २,७००।– | रू. | २,४३०।– |
| ३४ " | रू. | २,८००।– | रू. | २,५२०।– |
| ३५ " | रू. | ३,०००।– | रू. | २,७००।– |
| ३६ " | रू. | ३,१००।– | रू. | २,७९०।– |
| ३७ " | रू. | ३,२००।– | रू. | २,८८०।– |



९६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ३८ अश्व शक्ति | रू. | ३,३००।– | रू. | २,९७०।– |
| ३९ " | रू. | ३,४००।– | रू. | ३,०६०।– |
| ४० " | रू. | ३,५००।– | रू. | ३,१५०।– |
| ४१ " | रू. | ४,०००।– | रू. | ३,६००।– |
| ४२ " | रू. | ४,१००।– | रू. | ३,६९०।– |
| ४३ " | रू. | ४,२००।– | रू. | ३,७८०।– |
| ४४ " | रू. | ४,३००।– | रू. | ३,८७०।– |
| ४५ " | रू. | ४,४००।– | रू. | ३,९६०।– |
| ४६ " | रू. | ४,५००।– | रू. | ४,०५०।– |
| ४७ " | रू. | ४,६००।– | रू. | ४,१४०।– |
| ४८ " | रू. | ४,७००।– | रू. | ४,२३०।– |
| ४९ " | रू. | ४,८००।– | रू. | ४,३२०।– |
| ५० " | रू. | ५,०००।– | रू. | ४,५००।– |
| ५० भन्दा माथि प्रत्येक अश्व शक्ति थपमा थप | रू. | ८०।– | रू. | ७०।– |

अतिरिक्त स्पेलर राखेमा देहायअनुसार अन्तःशुल्क बुझाउनु पर्नेछ ।

(तर १ देखि १० अश्व शक्तिको मिलले अतिरिक्त स्पेलर समेत एकै साथ चलाउने गरी राख्न पाउने छैन ।)

– आलो पालो गरी चलाउन राखेको प्रत्येक अतिरिक्त स्पेलरके,

(क) विद्युत् परिचालित रू. ३००।–

(ख) क्रुड आयल परिचालित रू. २७०।–

–११ देखि १८ अश्व शक्तिको मिलमा राखिने प्रत्येक अतिरिक्त स्पेलरके,

(क) विद्युत् परिचालित रू. ५००।–

(ख) क्रुड आयल परिचालित रू. ४५०।–

–१९ देखि २५ अश्व शक्तिको मिलमा राखिने प्रत्येक अतिरिक्त स्पेलरके,

(क) विद्युत् परिचालित रू. ७००।–

(ख) क्रुड आयल परिचालित रू. ६३०।–

